**बराहक्षेत्र नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कृषि विकास शाखा**

चक्रघट्टी, सुनसरी

कोशी प्रदेश नेपाल

प्रथम पटक प्रकाशीत मिति:२०७९/१२/१०

## शिलबन्दी दरभाउ पत्रको सूचना

यस बराहक्षेत्र नगरपालिकाको कृषि विकास शाखाको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई ५० प्रतिशत मुल्य अनुदानमा स्प्रेयर टंकी वितरण कार्यक्रम संचालन गर्न ४२८ थान १६ लिटर क्षमताको टु इन वान चार्जेवल स्प्रेयर टंकी खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक आधिकारीक बिक्रेताहरुबाट यो सूचनाको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्न आव्हान गरिएको छ। विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाईट WWW.barahamun.gov.np मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

**शर्तहरुः-**

१. शिलबन्दी दरभाउ पत्र प्रति रु.१,०००।—(एकहजार रुपैया मात्र) फिर्ता नहुने गरी बराहक्षेत्र न.पा. को राजस्व शाखामा तिरी यो सूचना प्रकाशन भएको मितिले १५औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखाबाट खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउ पत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक (नवीकरण) भएको फारमको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७८/०७९को) कर चुक्ता प्रमाण पत्र, आधिकारीक विक्रेताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

२.स्प्रेयर टंकी उपकरणहरुको SPECIFICATION खुल्ने क्याटलग/लिफलेट्स, आधिकारीक परिक्षण भई गुणस्तर चिन्ह प्राप्त हुनु पर्नेछ।

३.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र खरिद गर्ने र १६ औ दिनको १२:००बजे सम्म शिलबन्दी दरभाउ पत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्र सोही दिन ठिक १:००बजे यसै कार्यालयका प्रतिनिधि र शिलबन्दी दरभाउ पत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा शिलबन्दी दरभाउ पत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिति नभए पनि शिलबन्दी दरभाउ पत्र खोलिनेछ।

४. शिलबन्दी दरभाउ पत्र पेश गर्दा जमानत रकम बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.२८९०१४०००००१३० मा जम्मा गरी सो को सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्क/ वित्तीय संस्थाबाट जारी भएको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ।

५. शिलबन्दी दरभाउ पत्र दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नभएको स्वघोषणा पत्र दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ।

५. शिलबन्दी दरभाउ पत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र शिलबन्दी दरभाउ पत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

६.प्राप्त शिलबन्दी दरभाउ पत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्न सकिने छ।

७. प्राप्त शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

९. शिलबन्दी दरभाउ पत्र शर्त रहित, कार्यालयले उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनुपर्नेछ।

१०. समयमा प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउ पत्र माथि कुनै कार्वाही हुने छैन।

११. शिलबन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि दरभाउ पत्र भरेको हुनु पर्ने छ।

१२. शिलबन्दी दरभाउ पत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१३. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१४. शिलबन्दी दरभाउ पत्र दररेट उल्लेख गर्दा मु.अ.कर सहितको मुल्य उल्लेख गर्नु पर्नेछ।

१५. शिलबन्दी दरभाउ पत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज शिलबन्दी दरभाउ पत्र दाताको शिलबन्दी दरभाउ पत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत रकम समेत जफत हुनेछ।

१६.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदि शिलबन्दी दरभाउ पत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१७.एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउ पत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१८. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको १५ दिन भित्र उल्लेखित सामग्री उपलब्ध गराउनु पर्नेछ।५० प्रतिशत रकम कृषकहरु बाट व्यहोर्नु पर्ने भएको हुदा ५० प्रतिशत हुन आउने रकम स्प्रेयर टंकी वितरण पश्चात कृषकहरु बाट नै सोझै भुक्तानि लिनु पर्नेछ। दरभाउ पत्र दाताले उपलब्ध गराएको सामग्री गुणस्तरहीन भएमा सामान फिर्ता गरिनेछ र सो को भुक्तानी गरिनेछैन।

१९. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | परिमाण थान | शिलबन्दी दरभाउ पत्र खरिद गर्ने मिति र समय | शिलबन्दी दरभाउ पत्र दर्ता मिति र समय | शिलबन्दी दरभाउ पत्र खुल्ने समय | शिलबन्दी दरभाउ पत्र दस्तुर | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | BKM।SQ।०५।२०७९।०८० | १६ लिटर क्षमताको टु इन वान चार्जेवल स्प्रेयर | १७९७६००।— | ४२८ | २०७९।१२।२४ गते कार्यालय समय सम्म | २०७९।१२।२६ गते दिनको १२:०० वजे | २०७९।१२। २६ गते दिनको २:०० वजे | १०००।- | ५४०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**